

# १३ चरम विश्राम

***यस अध्याका मूल पदहरू:*** प्रकाश १:९-१९, मत्ती २४:४-८, २३-३१, प्रकाश १४:६-१२, हिब्रू ११:१३-१६ र फिलिप्पी ४:४-६।

***यस अध्यायको मूल सार पद:*** **"यसरी लेखिएको छः परमेश्‍वरलाई प्रेम गर्नेहरूको निम्ति उहाँले के थोकहरू तयार पार्नुभएको छ सो न त कुनै आँखाले देखेको छ, न त कुनै कानले नै सुनेको छ, अझ भनौं भने कुनै मानिसको दिमागमा वा मनमा घुसेको पनि छैन" (१ कोरन्थी २:९ रूपान्तरित)।**

के तपाईं कहिल्यै ठूलो युद्धको बीचमा पर्नुभएको छ जुन असल र खराबको बीचमा संघर्ष? परमेश्‍वरलाई विश्‍वास नगर्ने वा उहाँमाथि आस्था नराख्नेहरूले पनि यस वास्तविकताको आभास् पाउँदछन्। हो, यो सत्य भएकोले नै हामीलाई पनि असल र खराबको बीचमा भइरहेको घमासान लडाईंको महसुस गरिनै रहेकाछौं। हामी असल र खराबको महान् युद्धको बीचमा छौं, ख्रीष्ट जो असल हुनुहुन्छ र सैतान जो खराबको बीचमा।

हाम्रो जीवन यही दुई तहहरूमा खेलिरहेको छ। ख्रीष्ट र सैतानको बीचमा भइरहेको घमासान युद्ध विश्‍वव्यापी छ त्यतिमात्र होइन जगत व्यापी नै छ। यो युद्धको सुरु त स्वर्गमै भएको थियो (प्रकाश १२:७)। यद्यपि, मानिसलाई अलमलमा पार्ने विभिन्न घट्नाहरूले गर्दा यस संसारलाई उद्धार गर्ने परमेश्‍वरको योजनाको ठूलो चित्र ओझेलोमा पर्न सक्छ। युद्ध, राजनैतिक अस्थिरता, आतङ्कवाद, महामारी र प्राकृतिक प्रकोप आदिहरूले हामीलाई असहाय बनाइरहेको छ। हाम्रो दैनिक जीवन त्रासै त्रासले भरिएको छ। तर परमेश्‍वरको भविष्यवाणीको अगुवाइले हाम्रो दिमागलाई ठूलो चित्रमा राखिरहन सक्छ र हामी कहाँ गइरहेकाछौं र त्यहाँ कसरी पुग्ने भनेर पनि थाहा पाउन सक्छौं।

वास्तविकरूपमा भन्ने हो भने यस महान् विवादको युद्ध केवल बाहिरिय क्षेत्रमामात्र होइन हाम्रो व्यक्तिगत तहमा पनि अझ धेरै भइरहेको हामी पाउँछौं। हामीहरूको दैनिक जीवनमा विश्वासको चुनौतीको सामना गरिरहेका हुन्छौं। यदि येशू ख्रीष्ट नआउँञ्जले हामी बाँचिरहेनौं भने हामीले मृत्यको पनि सामना गर्नु पर्दछ।

विश्वव्यापी अस्थिरता र हाम्रो आफ्नै व्यक्तिगत भविष्यको अज्ञानको बावजुद पनि हामी येशूमा कसरी विश्राम लिन सक्छौं भनेर यस अध्यायमा नियाल्नेछौं। यस संसारमा येशूमाथिको विश्राम छोटो होला। तर अन्तमा गएर जे हुनेछ सो थाहा पाउँदा हाम्रो जीवनमा आशाको दियो बालिरहेकै हुनुपर्दछ।

## १. अन्तको समयको दर्शन

(येशूका सबै चेलाहरूको मृत्यु दुःखद तरिकाले भएका थिए। कसैको शिर काटीदिए भने कतिलाई अमानवीय यातना दिएर मारेका थिए। पत्रुसलाई क्रूसमा टाँगि दिएका थिए)। यूहन्नालाई पनि मार्न अनेकौं यातना दिइएको थियो तर आखिरमा रोमीहरूले उनलाई पाटमोसको टापुमा त्यही मर्न फ्याँकिदिए। त्यो ठाउँ पत्थरै पत्थर भएको अनकङ्टार झ्यालखाना थियो। सबै चेलाहरूमा सबभन्दा वयोवृद्ध उमेरसम्म उनी बाँचेका थिए। उनको मृत्यु करिब ९३-९४ वर्षको उमेरमा भएको थियो। येशूको सेवाकार्यको जीवनमा उनी उहाँको अत्यन्तै प्रिय चेला थिए।

अब येशूसँग हिंडेका, खाएका, सेवाकार्यमा भाग लिएका युहन्ना आफ्ना सबै प्रिय जनहरूबाट अलग राखिएर समुद्रमा रहेको टापुमा आइसोलेसनमा जाकिदिएको थियो। यस्तो उजाड र अनकङ्टार ठाउँमा फ्याँकिनुपर्दा उनको दिमागमा कस्ता कस्ता कुराहरूको ओइरो समुद्रको छाल जस्तो गए होला? येशूको प्रिय चेला भएर त्यस ठाउँमा आफू त्यहाँ किन हुट्टिनु पऱ्यो त्यो पनि बाहिरी सभ्यताबाट बेवारिसी भएर? जब येशू आकाशमा उक्लिन्दै हुनुहुन्थ्यो दुई जना स्वर्गदूतले भनेका कुराहरू उनको दिमागमा गुञ्जिरहेको हुनुपर्छः "हे गालिलका मानिसहरू हो तिमीहरू आकाशतिर एकटक लगाएर किन हेरिरहेका छौ? त्यही येशू जो तिमीहरूले स्वर्गमा उक्लिनुभएको देख्यौ त्यही प्रकारले उहाँ फर्केर आउनुहुनेछ" (प्रेरित १:११ रूपान्तरित)।

स्वर्गदूतहरूले दिएको त्यस कबुल वर्षौं बर्षौं भइसकेको थियो। येशू अझैसम्म फर्केर आउनुभएको थिएन। स्वर्गदूतहरूले बोलेको जमातका चेलाहरू सबै मरिसकेका थिए र कतिपयलाई शहीद बनाएका थिए किनकी तिनीहरू

येशूको निम्ति अटल गवाही भएका थिए। युवा चर्च बढेर अर्को पुस्तामा सरिसकेको थियो। चर्चमा भारी परिवर्तन भइसकेको थियो। बाहिरिय शत्रुहरूबाट विश्वासीहरूलाई भयङ्कर यातना दिएका थिए र फेरि त्यसै बखत इसाई भनाउँदाहरूमा नै अनेकौं झुठा शिक्षाका अभियानहरूले चर्चलाई सताइरहेको थियो। एक्लोपना, थकित, बेचैन, निराश र उदासिनको बादलमा यूहन्ना परिरहेका थिए। तर त्यसै बखत आफ्नो संसार डुबिरहेको अनुभव गरिहेको बेलामा उनलाई अचानक दर्शन दिइएको थियो।

**शङ्कष्टको आँधीमा परिरहेको यूहन्नाले पाएको दर्शनबाट उनलाई कस्तो शान्त्वना र शान्ति पाए होलान्, के तपाईंले कल्पना गर्न सक्नुहुन्छ? हेर्नुहोस् प्रकाश १:९-१९ "१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो।**
**२ यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए। ३ त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ। ४ यूहन्नाबाट एशियामा भएका सात वटा मण्डलीहरूलाईः उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ, र उहाँको सिंहासन अगि रहनुहुने सात आत्माबाट, ५ विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई, ६ हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन। ७ हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन। ८ "अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ। ९ म यूहन्ना, तिमीहरूका दाजु, तिमीहरूका साथसाथै येशूमा भएका कष्ट, राज्य र सहनशीलतामा सहभागी छु। परमेश्वरको वचन र येशू ख्रीष्टको गवाहीको खातिर म पत्मोस भन्ने टापूमा थिएँ। १० प्रभुको दिनमा म आत्मामा थिएँ, र तुरहीको जस्तो एउटा चर्को आवाज मेरो पछाडि यसो भनिरहेको मैले सुनें, ११ "तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम,**

**थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।" १२ मसँग बोल्नेलाई हेरौं भनेर म पछि फर्के। फर्केर हेर्दा सात वटा सुनका सामदान १३ र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूको आवाजजस्तै थियो। १६ उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्। १९ यसकारण तिमीले जे देख्छौ, र जे छ र यसपछि जे हुन आउनेछ, लेख।"**

येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, "हेर, म तिमीहरूसँग सधैं रहनेछु। युगको अन्तसम्म म तिमीहरूसँग रहनेछु" (मत्ती २८:२० रूपान्तरित)। एक्लै निर्वासित जीवन बिताइरहेका यूहन्नालाई ती वचनहरूले पक्कै पनि साहस दिइरहेको हुनुपर्छ। अब उनले पाएको येशूको प्रकाशको दर्शन उनको निम्ति ठूलो सान्त्वनाको स्रोत भएको हुनुपर्छ। "अल्फा र ओमेगा, आदि र अन्त" येशू अब निर्वासित प्रेरितलाई विशेष किसिमले दर्शन दिइरहनुभएको थियो।

त्यस दर्शनपछि भएका बृतान्तहरूले यस संसारको भविष्यको बारेमा बताउँदछ। उनको अगाडि विश्वको इतिहासको बृहत दृष्य अत्यन्तै शानदार तरिकाले चित्रण गरिएको थियो। त्यो दृश्य अहिले हाम्रो निम्तिय इसाई चर्चको इतिहास भएतापनि यूहन्नाको निम्ति भविष्य थियो। यद्यपि, आउनेवाला अनेकौं शङ्कष्ट, शङ्कट, दुःखकष्ट, यातना र मृत्युको भूमरीमा परिरहेको यस संसारको अन्त्य कसरी हुनेछ भनेर उनलाई देखाइएको थियो। अन्त्यमा उनलाई देखाइएको दर्शनमा उनले यसरी व्यक्त गरे, "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति

दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें" (प्रकाश २१:१-२)।

महान् सर्वसंहारको भविष्यवाणीको दर्शन जुन यूहन्नालाई देखाइएको थियो त्यसले उनलाई परमेश्वरका प्रतिज्ञाहरू र उहाँका सबै प्रवन्धहरूमाथि विश्वस्त भएर आफ्नो मनलाई सम्हाल्न सहयोग मिलेको थियो। उनले लेखेका ती दर्शनहरूले हाम्रो मन पनि सम्हाल्न सहायता गर्ने हुनुपर्छ।

**बर्तमान जीवन कठोर हुनसक्छ, त्रासैत्रासले भरिएको हुनस्छ। तर परमेश्वरलाई भविष्य थाहा छ र अन्तमा आएर सबै थोक असलै हुनेछ भन्ने सन्देशले हामीलाई कस्तो सान्त्वना र मनलाई हलुको पार्न सक्छ?**

## २. दिनगन्ती

चेलाहरूको जिज्ञासाको प्रत्युत्तरमा येशूले जैतुनको पहाडमा आउनेवाला विश्वको मानचित्र कोरेर देखाउभएको थियो। त्यसबेला चेलाहरूले उनलाई सोधेका थिए: "हैन प्रभु, यी सबै कुरा कहिले हुन आउनेछ? तपाईंको आगमनको चिन्ह र युगको अन्त्य कहिले हुनेछ?" (मत्ती २४:४ रूपान्तरित)। मत्ती २४मा येशूले दिनुभएको प्रख्यात प्रवचनमा उहाँका दिनहरूदेखि लिएर उहाँको आगमन र पछिसम्म के हुनेछ भनेर क्रमिकरूपमा विश्वको इतिहासको समय तालिका उहाँले दिनुभएको थियो।

युगौभरि रहिरहेका आफ्ना जनहरूलाई येशूले युगको अन्तमा हुने भविष्यवाणीका ईश्वरीय समयतालिका प्रस्तुत गर्नुभएको थियो। उहाँ चाहनुहुन्छ कि युगको अन्तमा रहिरहने उहाँका जनहरू आखिरी घट्नाको निम्ति तयार भएर बस्न सकोस्। उहाँको प्रेममा विश्वस्त भएर विश्राम लिन सकोस् भन्ने हामीप्रति उहाँको चाहना छ। हाम्रो वरिपरिका संसार वा हाम्रो आफ्नै संसार भत्किरहेतापनि सबै थोक परमेश्वरकै मातहतमा छ भनेर हामी ढुक्क भएको येशूको चाहना हो।

इतिहासको सुरुदेखि कहिल्यै नभएको समयको सङ्कट र सङ्कष्ट आउनेछ भनेर दानिएलले प्रस्तुत गरेको भविष्यवाणी एडभेन्टिस्टहरूलाई थाहा छ (दानिएल १२:१)। यही घट्नाको निम्ति हामी तयार हौऔं भन्ने येशू चाहनुहुन्छ। ती घट्नापछि उहाँको दोस्रो आगमन हुनेछ भनेर पनि हामीले थाहा पाओस् भन्ने उहाँ चाहनुहुन्छ।

**उहाँको आगमन कस्तो होला? कुनै दर्शन, वाद वा अनेकौं आश्चर्यजनक चर्तीकलाहरूले हामीलाई भ्रममा नपरोस् भनेर हामी कसरी सजग**

**भएर बस्ने? हेर्नुहोस्, मत्ती २४:४-८,२३-३१ "४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो।...२३ तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। २६ "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। २७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। २८ जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्। २९ "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्।"**

युगको अन्तमा येशूको आगमन प्रत्यक्षरूपमा हुनेछ। संसारको कुनाकाप्चामा रहेको प्रत्येक मानिसले आफ्नै नाङ्गो आँखाले उहाँलाई देख्नेछन्। उहाँले भविष्यवाणीमा दिनुभएको समयतालिका र उहाँकै प्रवचन अनुसार उहाँको आगमनको घट्ना अत्यन्तै महान् हुनेभएको हामीले बुझ्नुपर्दछ।

जब नोहाको पालनमा भएको विश्वव्यापी वातावरणको सङ्कटमा केवल आठ जनामात्र उद्धार पाउन तयार भएका थिए। त्यस जलप्रलयको घट्नालाई गाँसेर आफ्नो आगमनमा पनि मानिसहरू तयार हुनेछैन भनेर अग्रिम चेतावनी दिनुभएको थियो (मत्ती २४-३७-३९)। येशूको दोस्रो आगमनको ठीक समय कसैलाई थाहा नभएतापनि (मत्ती २४:३६), परमेश्वरले हामीलाई

भविष्यवाणीको दिनगन्ती दिनुभएको छ जसले गर्दा हाम्रा वरिपरि के भइरहेकाछन् तिनीहरूलाई चनाखोपूर्वक हेरिरहनसकौं।

**यस भविष्यवाणीको नाटकमा सहभागी भएर पर्खिनेहरूको निम्ति येशूले जिम्मेवारी सुम्पिनुभएको छ। त्यो जिम्मेवारी के हो? मत्ती २४:९-१४लाई ध्यान दिएर पढ्नुहोस्: "९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।**

याद गर्नुहोस्, यस जगतव्यापी विवाद वा युद्धमा हामी केवल दर्शकमात्र भएर बस्न अपेक्षा गरिएको छैन। संसारभरि हामी जहाँ जहाँछौं त्यहाँ सुसमाचार सुनाउन सक्रिय हुन हामीलाई आह्वान गरिएको छ। यस पापी, अधर्मी र दुष्ट संसारमा यूहन्ना वा तत्कालिन् येशूका चेलाहरूलाईमात्र होइन हामीले पनि सङ्कष्ट र यातना भोग्नुपर्ने छ भनेर येशूले भविष्यवाणी गर्नुभएको छ। तर उहाँले वचन दिनुभएको छ: "आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ" (मत्ती १०:२२)।

**आखिरसम्म स्थिर रहनु भनेको के हो? हामी कसरी आफ्नो विश्वासमा अडिग भएर बस्नु? हामी पतित नहोऔं भनेर हामीहरूको दैनिक जीवनमा कस्ता कस्ता निर्णयहरू गरिरहनुपर्दछ? कतिले वास्ता नगर्ला तर त्यो हाम्रो समस्या होइन, हाम्रो समस्या भनेको हामी के गरिरहुनपर्छ सो हो।**

## ३. अगाडि बढ्न आदेश

जब येशूले इतिहासमा हुने भविष्यवाणीहरूको चित्र कोर्नुभयो तब त्यसलाई हेरेरमात्र बस्ने आदेश उहाँले दिनुभएको छैन। जे हुन्छ हुन्छ हाम्रो नियन्त्रणमा छैन र हामीले केही गर्न सक्दैनौं, त्यसकारण यत्तिक्कै बितोस् भन्ने मनस्थितिमा रहन येशूले चाहनुभएको छैन। कतिपय समयमा इसाईहरूको यस्तो मनोदशा छ: "भविष्यवाणी गरेको अनुसार अन्तिम घट्नाहरू हुनेनै छन्। ती घट्नाहरूसँगसँगै हामी जानुको अलावा हामीले के गर्न सक्छौं र? फेरि म को हुँ र म एक्लैले के गर्न सक्छु र?"

तर येशूभक्तहरूको मनोस्थिति त्यस्तो हुनुहुँदैन। अन्तिम दिनका घट्नाहरूको सामना गर्नेहरूको बीचमा हामीहरू हात बाँधेर बस्नुहुन्न।

यस्तो समयको इतिहासमा रहिरहेका हाम्रो लक्ष्य भनेकै अरूहरूलाई परमेश्वरको न्याय सुनाउनु र तिनीहरूलाई येशूको दोस्रो आगमनको निम्ति तयार पार्नु हो भनेर प्रकाश १४ले हामीलाई घचघच्याउँदछ।

**प्रकाश १४:६-१२ पढ्नुहोस्। यहाँ के सिकाइरहेको छ र संसारमा हामीले घोषणा गर्नुपर्ने सन्देश के हो? यो सन्देश किन जरुरी छ? हेर्नुहोस्, " ६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" (किङ्ग जेम्स र अरू धेरै अनुवादहरूमा येशूको विश्वास भनिएको छ, अर्थात् येशूमा जे विश्वास थियो त्यो हामीमा पनि हुनुपर्छ साथै कतिपयमा येशूमाथि विश्वास भनेर पनि अनुवाद गरिएको छ। दुई अवधारणाहरू केही हदमा फरक भएतापनि येशूसँग गाँसिएको विश्वास भनेर सोच्नु उचित देखिन्छ- अनुवादक)।**

एडभेन्टस्टहरू भएको हैशियतदले यो "बर्तमान सत्य" (२ पत्रुस १:१२) वा समयसापेक्षित सत्य ती पदहरूमा पाउँछ भनेर दाबी गर्दछौं। त्यसलाई हामी "तीन स्वर्गदूतहरूका सन्दैशहरू" भनेर पनि सम्बोधन गर्दछौं।

युगको अन्तमा रहिरहेका हामीलाई दिएको जिम्मेवारी नै यो छ कि बाइबलमा लेखिएको सत्यको त्यो सारलाई अरूलाई सुनाउने आह्वान।

"अनन्तको सुसमाचार" भनेर स्वर्गदूतले आफ्नो सन्देश सुरू गर्दछन्। त्यसमा के छ त? येशूको मृत्यु र पुनरुत्थान जसमामात्र हाम्रो मुक्तिको आशा छ। फेरि "इन्साफको घडी आएको छ" भन्ने सन्देश पनि छ (प्रकाश १४:७)। यसले युगको अन्त्यलाई प्रभावकारी ढंगमा चित्रण गरिएको छ। फेरि, "जसले स्वर्ग र पृथ्वीलाई सृष्टि गर्नुभयो" त्यसको आराधना गर भनेर पनि आह्वान गरिएको छ। त्यसको बिपरित बेबिलोन वा बाइबलसम्मत नबसी पशु र त्यसको मूर्ति वा छापलाई ढोग्नेहरूमाथि परमेश्वरको क्रोधको कचौरा **पोखिने**छ भनेर उल्लेख गरिएको छ। अनि अन्तमा आएर युगको अन्तमा रहने परमेश्वरका जनहरूको चरित्रलाई यसरी चित्रणा गर्दछः "सन्तहरूको धैर्यता यो छ जसले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र येशूको विश्वास छ" (रूपान्तरित)।

**प्रकाश १४:११ पढ्नुहोस्। पशु र उसको मूर्तिलाई ढोग्नेहरूमा शान्ति वा चैन हुँदैन भनेर यसले कसरी चित्रण गरेको छ? हेर्नुहोस्: "तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।"**

पशु र उसको मूर्ति वा छापलाई ढोग्ने वा आराधना गर्ने मानिसहरू दिन र रात कहिल्यै पनि आराम हुनेछैन रे? यसको अर्थ विभिन्न भएतापनि यी मानिसहरूले त्यस किसिमा विश्राम वा चैनको अनुभव गर्न सक्दैनन् जुन परमेश्वरप्रति बफादारी हुनेहरूलाई उपलब्ध गराइएको छ।

**तीन स्वर्गदूतहरूको सन्देशहरूको पहिलो भागमा अनन्तको सुसमाचार भनेर किन तोकिएको होला? जब ती सन्देशहरू हामी अरूलाई सुनाउँछौं तब यस अचम्मको सत्यलाई हाम्रो दिमागमा किन राखि राख्नुपर्दछ? सुसमाचारको बारेमा हाम्रो जुन बुझाइ छ त्यो नै हामीले सिकाउने विश्रामको धारणाको केन्द्रविन्दु कसरी हुन गएको छ?**

## ४. शान्तमय विश्राम

शताब्दीयौंदेखि येशूलाई विश्वास गर्नेहरू उहाँको दोस्रो आगमनको प्रतिक्षामा छन्। हाम्रोमात्र होइन इतिहासभरिका परमेश्वरका विश्वासी

जनहरूको आशालाई चरमविन्दुमा पुऱ्याउने घट्ना नै येशूको दोस्रो आगमन हो।

**हिब्रू ११:१३-१६ पढ्नुहोस्। यहाँ एउटा महान् प्रतिज्ञा कोरिएको छ जुन पौराणिक इस्रएलीहरूको निम्तिमात्र होइन हाम्रो निम्ति पनि हो। त्यो के हो त? " १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ।"**

यदि लोकले मानेका चाहे कतिपय इसाईहरू हुन् वा गैर इसाईहरू हुन् मानिस मरेपछि सिधै स्वर्ग वा नरक जान्छ वा विभिन्न पुनर्जन्महरू हुन्छन् भन्ने धारणालाई विश्वास गरियो भने यहाँ हिब्रूको लेखकले व्यक्त गरेका कथनहरूको कुनै अर्थ नै हुँदैन। यस अंशमा के भनिरहेको छ? ती मानिसहरू जसलाई प्रतिज्ञाहरू दिएका थिए ती प्रतिज्ञाहरू तिनीहरूले प्राप्त गरेका छैनन् रे? तिनीहरूको मृत्यु भइसकेको छ। के तिनीहरू स्वर्गमा येशूसँग ठूलो इनाम पाएर रमाइलो मानिरहेकाछन् त? जब विश्वको प्रख्यात र लोकप्रिय प्रचारक बिल्ली ग्राहमको मृत्यु भयो तब हामीले यो बारम्बार सुन्छौं कि उनी स्वर्गमा येशूसँग हुनुहुन्छ रे!

तर अचम्म लागेको बाझिएको कुरा पनि यो छ। कतिपय मानिसहरू मरेपछि तिनीहरू शान्तिसँग विश्राम गरोस् भनेर कामना पनि गर्दछन्। यहाँ के भइरहेको छ? के तिनीहरू शान्तिसँग विश्राम लिइरहेका छन् कि तिनीहरू यस संसारमा जेजे भइरहेका छन् सो स्वर्गबाट रमाइलो मानेर हेरिरहेकाछन् त?

**तत्कालिन यस संसारमा हुने मृत्युको बारेमा येशूले के भन्नुहुन्छ? हेर्नुहोस् यूहन्ना ११:११ "त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, “हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।”**

अझ भनौं भने "शान्तिसँग विश्राम" लियोस् भन्ने अवधारणा नै अहिलेको मृत्युकोको बारेमा सत्य शिक्षा होइन त? मरेकाहरू साँच्चिक्कै विश्राम लिइरहेकाछन्। "विश्वासीहरूको निम्ति मृत्यु सानो मामिला हो। यो

क्षणिकको मामिला हो भनेर येशूले नै चर्चा गर्नुहुन्छ। उहाँले भन्नुभयो, 'यदि कसैले मेरा वचनहरू पालन गर्छ भने उसले कहिल्यै पनि मृत्यु देख्नेछैन वा चाख्नेछैन।' येशूभक्तहरूको निम्ति मृत्यु केवल निन्द्रामात्रै हो। यो क्षणिकको मौनता हो र अन्धकार हो। जीवन परमेश्वरमा हुनुभएको येशूमा लुकिएको छ। 'जब हाम्रो जीवन ख्रीष्ट देखा पर्नुहुनेछ तब तिमीहरू पनि उहाँको महिमामा देखा पर्नेछौ' यूहन्ना ८:५१,५२; कलस्सी ३:४।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ७८७बाट रूपान्तरित।

मृत्यु र पुनरुत्थानको बिहानलाई अचेत निन्द्रा भनेर मानिस मरेपछिको अवस्थालाई येशूले तुलना गर्नुभएको छ (यूहन्ना ११:११,१४)। मुक्ति पाउनेहरू र मुक्ति गुमाउनेहरूले पुनरुत्थानमा इनाम पाउनेछन् भनेर पनि येशूले जोड दिनुभएको छ (यूहन्ना ५:२८,२९)। जब जुनसुकै बेलामा मृत्यु आउँछ तब त्यसको लागि तयार हुनु आवश्यक छ भनेर उहाँले उल्लेखनीयरूपमा औँल्याउँनुभइको छ।

**तपाईंका मरेका प्रियजनहरू अहिले विश्राममा छन् भन्ने धारणाले तपाईंलाई कस्तो सान्त्वना मिल्दछ?**

## ५. परमेश्वरमा सधैं आनन्दित हुनु

आजभोली हाम्रो मोबाइलमा अत्यधिक प्रयोग गरिने प्रोग्राम हव गुगल नक्साहरू। मोइबालमा नक्सा हेर्ने बानी भएका कतिपय मानिसहरूले पहिला कसरी ठाउँहरू चिन्थ्यो भन्ने कुराको याद पनि छैन होला। कागजी नक्सा हेरेर हामी चल्न थाल्यौं भने हामीले नचाहेको ठाउँमा पुग्न सक्छौं तर गुगल नक्साले विदेशमा पनि नौलो ठाउँमा सजिलैसँग विश्वस्तसाथ त्यसको अगुवाइमा पुग्न सक्छौं। यस किसिमको विश्वसता के परमेश्वरले दिन चाहनुभएको विश्रामको चित्रण हुनसक्छ र जुन भविष्यवाणीको तालिकाबाट उहाँले हामीलाई औँल्याउन चाहनुभएको छ?

कतिपय समयमा हाम्रो मोबाइलको नक्सामा भूल गरेर गलत ठेगाना राख्छौं होला वा हामीलाई थाहैनै छ भनेर छोटोबाटोबाट चाहेको ठेगानामा पुग्न खोज्छौं होला। तर हामीले नचाहेको ठाउँमा जानसक्छौं जहाँ हाम्रो दिमागमा शान्ति हुँदैन वा अलमलमा पार्दछ (मोबाइलबाट देखाउने नक्सा वा जिपएस जुन यातायाहरूमा पनि जडान गरिन्छ,नेपालमा यो धेरै प्रयोग नभएतापनि अरू देशमा यो सुविधा नभैनहुने भइरहेको छ। यसले गर्दा कागजी नक्साको मान्यता घटिरहेको छ-अनुवादक)।

**यस पिडादायी र अलमलमा परेको संसारको बीचमा सत्य वा सक्कली विश्राम वा सत्य आनन्द वा शान्ति कसरी पाउँछौं भनेर पावलले फिलिप्पी ४:४-९मा हामीलाई कसरी बताउँदन्? हेर्नुहोस्, "४ प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर। ५ तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस्। प्रभु नजिकै हुनुहुन्छ। ६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, ७ र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ। ८ अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर। ९ तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गऱ्यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ।"**

हामी दुःखकष्ट वा सङ्कट भोगिरहेको बेलामा पनि खुशी र आनन्द मनाएर बस भनेर पावलले यहाँ भनिरहेको छैन। तर उनले भन्न खोजेको कुरो यो हो कि *"प्रभुमा सधैं आनन्द गर।"* हाम्रो वर्तमान परिस्थिति जस्तो भएतापनि, हामीले जुन सङ्कट भोगिरहेको भएतापनि यदि हामी परमेश्वरमा रहिरह्यौं, उहाँको भलाई, उहाँको प्रेम र हाम्रो निम्ति उहाँले क्रूसमा के गर्नुभयो सो मनमा राख्न सक्यौं भने हामी उहाँमा आनन्द मनाउन सक्छौं र हाम्रो थकित, पेलान र बेचैन आत्माले शान्ति पाउन सक्दछ।

यस संसारले नदिने तर अपार आशा, विश्राम र शान्ति प्रभुमामात्रै पाइन्छ भन्ने जिकिर पावलले माथिका पदहरूमा व्यक्त गर्दछन्।

कतिपय समयमा हामी बेकारको निम्ति चिन्ताफिक्री गर्छौं वा बितिजाने कुराको निम्ति सुर्ता गर्छौं। यदि हामी प्रभुमा छौं भने हाम्रा आत्माहरूले कस्तो शान्ति पाइन्छ होला सो सोच्नु आवश्यक छ। यस संसारमा दुःखकष्ट, आपद र सङ्कट पाइरहेका मानिसहरूको निम्ति यो व्यवहारिक त देखिन्दै। हेर्नुहोस् पावलले कस्तो चिन्ता र सङ्कष्टहरू भोगेका थिए। तर सबै थोक प्रेमिलो परमेश्वरको नियन्त्रणमा छ र उहाँले हामीलाई उहाँको राज्यमा उद्धार गर्नुहुनेछ भन्ने विश्वास र भरोसाले हाम्रो खल्बलिएको दिमाग र जीवनलाई ठीक ठाउँमा राख्न सक्छ भन्ने कुरोमा हामी द्विविधामा पर्नु आवश्यक छैन।

"प्रभु नजिकै हुनुहुन्छ"? यसको अर्थ के हो? त्यसको अर्थ उहाँ जहिले पनि हाम्रो नजिक हुनुहुन्छ। फेरि जब हामीले हाम्रा आँखाहरू चिम्लिन्छौं र मृत्यको निन्द्रामा पर्छौं तब उहाँको आगमन भएको अर्को क्षणमा अनुभव गर्नेछौं।

हो, हाम्रो जीवन तनाव, दुःखकष्ट, संघर्ष आदिहरूले भरपूर छ। हामी कोही पनि तिनीहरूबाट भाग्न सक्दैनौं। न त येशू न त येशूका चेलाहरू नै भाग्न सके। येशूका हस्ती पावलको ज्यादती कष्ट २ कोरन्थी ११मा पढ्नुभयो भने छर्लङ्ग हुन्छ। ती सबै यातनाहरू हामीले भोग्नै परेतापनि जुन कुरो ख्रीष्टमा हामीलाई दिइएको छ त्यसमा हामी आनन्द हुनसक्छौं र अहिले पनि हाम्रा आत्मा वा दिमागहरूले विश्राम पाउन सक्छन् भनेर पावलले औंल्याउँछन्।

**फिलिप्पी ४:४-६ फेरि पढ्नुहोस्। तपाईं अहिले जुनसुकै कष्ट, आपद र सङ्कट भोगिरहनुभएतापनि पावलले यहाँ व्यक्त गरेका अचम्मका वचनहरूलाई तपाईंले कसरी प्रयोगमा ल्याउन सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "हामीले गरेका प्रार्थनाहरूको जवाफ परमेश्वरले तुरन्तै देओस् भन्ने हामी चाहना गर्दछौं। जवाफ तुरन्तै नआएकोमा र हामीले अपेक्षा गरेको अनुसार नआएकोमा हामी निराशमा पर्ने सक्छौं। तर परमेश्वर धेरै बुद्धिमानी हुनुहुन्छ र उहाँले हाम्रा प्रार्थनाका जवाफहरू उचित समयमा र उहाँले चाहनुभएको अनुसार दिनुहुन्छ। हामीले सोचेको भन्दा उहाँले हाम्रो निम्ति अझ उत्तम र धेरै राम्रो गर्न उहाँ उत्सुक हुनुहुन्छ। उहाँमाथि विश्वास र भरोसा राख्न सक्ने भएकोले हाम्रै इच्छा अनुसार हाम्रो प्रार्थनाको जवाफ आओस् भनेर कर गर्नुहुँदैन। तर उहाँको चाहना के छ त्यसलाई पूरा गर्न हामी खोज्नुपर्दछ। यदि यस मनस्थितिमा हामी रहन सक्यौं भने हाम्रा चाहना र इच्छाहरू उहाँको इच्छामा हराउन दिनुपर्छ।– एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ. २१९बाट रूपान्तरित।

"आफ्ना जनहरूलाई उद्धार गर्न येशू आउनुहुने समय केवल एक क्षणमात्र बाँकी छ। जब उहाँ आउनुहुनेछ तब हाम्रो जीवनमा उहाँले सुरु गर्नुभएको अमरत्व दिने काम त्यसबेला उहाँले पूरा गर्नुहुनेछ....चिहानहरू खोलिनेछ र मरेकाहरू विजयी भएर निस्किनेछन्। तिनीहरू बिजयको उल्लासले चिच्याउनेछन्, 'हे मृत्यु तेरो खिल कहाँ छ? हे चिहान तेरो विजय खोइ?' येशूमा सुतिरहेका हाम्रा प्रियजनहरू अमरत्वको पोशाक लगाएर

निस्किनेछन् जब येशू दोस्रो पल्ट महिममा आउनेहुनेछ।"- एलेन जी ह्वाइट, *कोउन्सिल अन स्टुवार्डशिप,* पृ. ३५०बाट रूपान्तरित।

**चिन्तनमनन:**


अ. ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् घमासान युद्धको वास्तविकतालाई सोच्नुहोस्। यस संसारमा त्यो युद्ध चलिरहेको तपाईंले कसरी देख्नुहुन्छ? तपाईंको आफ्नै व्यक्ति जीवनमा त्यो कसरी अनुभव गरिरहनुभएको छ? यो यथार्थ छ. छै न त? अझ भनौं भने मानिसहरूले सोचेको भन्दा यो वास्तविक छ किनभने धेरै मानिसहरूले सैतान छ भनेर विश्वास पनि गर्दैनन्। यस संसारको स्थितिलाई बुझ्न सहयोग होस् भनेर महान् विवादको वास्तविकतालाई बुझ्न किन महत्त्वपूर्ण छ? फेरि यही महान् विवादको वास्तविकताको ज्ञानले गर्दा हामीमा कसरी सान्त्वना हुनसक्छ?

आ. भविष्यवाणीमा स्पष्टरूपमा जे भनेको छ त्यसभन्दा बाहिर हामी गयौं भने त्यसले हाम्रो दिमागलाई खल्बल्याउन सक्छ। कतिपय चर्चका विश्वासीहरूले अनेकौं भविष्यवाणीहरू गर्छन् वा अरूले गरेका भविष्यावाणीहरूलाई विश्वास गर्दा पूरा नभएको खण्डमा तिनीहरूको विश्वासनै कसरी धलमलिन पुग्छ? यस्तो किसिमको धरापबाट जोगिन हामीले के गर्नुपर्छ?

इ. प्रकाश १४:९-११मा दिएको पशु र उसको मूर्तिलाई पूजा गर्ने सम्बन्धमा फेरी सोच्नुहोस्। त्यसको खास वा व्यवहारिक अर्थ के हो?

ई. हाम्रो भूमिका के हो र ख्रीष्टको आगमनको समयसँग हाम्रो सरोकार नभएको विषयमा चर्चमा बादविवाद भइरहेको पाइन्छ। हामी जुनसुकै अडानमा रहेतापनि यस संसारलाई येशूको आगमनको सन्देश सुनाउन हामीले किन सक्रिय भूमिका खेल्नुपर्दछ। येशूभक्तको निम्ति आत्मिकरूपमा जागृति भइरहन यो काम किन महत्त्वको छ?

## कथा १३
## सत्यको गाँस
### नियाङ्ग मुआङ्ग, २१, अमेरिकामा शरणार्थी



दिउँसो खाजा खाने समय हुँदै थियो। टेनस्सी राज्यको मेरिभिलबाट नियाङ्गलाई ल्याउन जाँदैछु भनेर समूहको अगुवाले सबैलाई सुनाएको थियो।

**नियाङ्गलाई भोक लागिरहेको थियो।**

आफूले पाएको खाजा आफ्ना साथीहरूसँग रमाइलो मानेर खान नियाङ्ग तयार थिइन्। ती साथीहरू स्वास्थ र सुसमाचारका पुस्तकहरू बेच्ने समूहमा थिए। खाजा खाउँदै आफ्नो अनुभवहरू एक आपसलाई सुनाउन नियाङ्ग र ती साथीहरू तयार थिए।

तब उनले किराना पसलको सामु एक जना महिलाले सामानहरू किन्दै आफ्नो कारमा राखिरहेको नियाङ्गले देखिन्। त्यो पसलमा खानेकुरा र अरू सामानहरू मूल्य घटाएर बेचिन्थ्यो। दिउँसोको खाजा खानुभन्दा अघि केवल एक जनासँगमात्र कुराकानी गर्ने समय थियो।

**मुस्कुराँदै नियाङ्ग त्यस महिलाकहाँ पुगिन्।**

"नमस्ते आमा," नियाङ्गले आफ्नो मुख खोल्दै भनिन्, "मेरो नाउँ नियाङ्ग हो। म एक जना विद्यार्थी हुँ। म आफ्नै काम गरेर स्कूलमा पढ्दैछु। यस गर्मीको छुट्टीमा परिवारमा हुनुपर्ने मूल्यमान्यता र समाजलाई कसरी सहयोग गर्ने जस्तो कुराहरू सिकाउने पुस्तकहरू बेच्न हामी विद्यार्थी झुण्ड यस स्थानमा आएकाछौं।"

नियाङ्गले आफ्नो झोलामा हात राखेर स्वास्थ सम्बन्धी किताब निकालिन्। त्यसमा प्राकृतिक बिरुवाबाट उम्रेका सागपात आदि नपकाइकन सिधै कसरी खाने भनेर सिकाउने सामग्री लेखिएको थियो। त्यस महिलाले किताब लिइन् र त्यसको आवरण पृष्ठ हेरिन्। उनी चुपचाप भएकीले नियाङ्गले खाना परिकार पकाउने पुस्तक आफ्नो झोलाबाट निकालिन्। "के तपाईंले घरमा खाना पकाउन मनपराउनुहुन्छ?" नियाङ्गले उनलाई सोधिन्। अनि नियाङ्गले एलेन जी ह्वाइटको *स्टेपस् टु क्राइस्ट* निकालिन्। त्यस महिलाले ती तीनैवटा पुस्तकहरू हेरिन्। उनले मनपराएको जस्तो देखिन्। "तर नानी, तिमीले मलाई ठीक दिनमा भेट्टाएनौ। मसँग अहिले पैसा छैन," उक्त महिलाले

भनिन्। "तपाईंसँग भिसा कार्ड छ भने त्यसबाट हामी पैसा निकाल्न सक्छौं," नियाङ्गले भनिन् (भिसा कार्ड बैंकबाट कारोबारको निम्ति जहाँपनि पैसा निकाल्न सक्ने प्रावधान)। "मसँग भिसा कार्ड छैन र मेरो श्रीमानलाई पनि त्यस्तो कार्ड भएको मन पराउनुहुन्न," उक्त महिलाले भनिन्। तर त्यस महिलाले किताब हेर्दै गरिन् र उनले फिर्ता गर्न नचाहेको जस्तै गरिन्। अनि नियाङ्गले अरू धेरै किताबहरू पनि आफ्नो झोलाबाट निकालिन्। एलेन जी ह्वाइटको *द डिजाएर अभ एजेज* र *द ग्रेट कन्त्रोभर्सी* पनि देखाइन्। त्यस महिलाकी छोराछोरीहरू पनि रहेछ भनेर थाहा पाएर नियाङ्गले बालबालिकाहरूको निम्ति किताबाहरू पनि निकालिन्। "यी सबै पुस्तकहरू राम्रै छन्," त्यस महिलाले भनिन्। कुनै एउटामात्र पुस्तकप्रति उनले चासो देखाएको जस्तै देखाइनन्। "म तिमीलाई भन्छु," हाँस्दै त्यस महिलाले आखिरमा भनिन्, "म यो सबै पुस्तकहरू लिन्छु।" आफ्नो नाउँ सिन्डी भन्दै त्यस महिलाले आफूसँग भएको पैसा झिक्न सक्ने एटिएम कार्ड प्रयोग गरेर पैसा निकालिन् र ती पुस्तकहरूको निम्ति चन्दा दिइन् ((एटिएम कार्डः बैंकमा कसैसँग पैसा छ भने बैंकमा नै नगइकन ठाउँ ठाउँमा राखिएको बैंकको पैसा राख्ने बाकसबाट पैसा झिक्ने प्रावधान)।

पैसाको कारोबार सकेपछि नियाङ्गले उनीसँग प्रार्थना गर्न सक्छु कि भनेर अनुमति मागिन्। "प्रार्थना गरेको मनलाई मन लाग्छ," सिन्डीले भनिन्। "प्यारो परमेश्वर पिता," नियाङ्गले प्रार्थना गरिन्, "हामीलाई अर्को दिन थपिदिनुभएकोमा तपाईंलाई धेरै धन्यवाद छ र सिन्डीलाई भेट्ने अवसर पाउँदा पनि म तपाईंलाई धन्यवाद दिन्छु। तपाईंको समय जहिले पनि उपयुक्त छ। हाम्रा पाप र कमजोरीहरू क्षमा गर्नुहोस्। सिन्डी र उहाँका परिवारलाई सबै कुराहरूबाट सुरक्षित राख्नुभएकोमा तपाईंलाई धन्यवाद छ। उहाँहरूको जीवनमा जे भइरहेतापनि उहाँहरूलाई शान्ति र सान्त्वना तपाईंले दिनुहोस् भनि म प्रार्थना गर्दछु। तपाईंको प्रेम र उपस्थितिले उहाँहरूलाई घेरि राख्नुहोस्। यदी सिन्डीको कुनै प्रार्थनाको विषय छ भने तपाईंले सुनिदिनुहोस्। प्रभु येशूद्वारा उहाँले आशा र भरोसा पाउन सकुन्। आमेन।" प्रार्थना पछि सिन्डीको अनुहार उज्यालो भयो। उनले आफ्नो मुख खोलिन्। आफ्नो परिवारमा बिमार र मृत्युको सामना पछि गरिरहेकोले आफू कठिन समयमा भइरहेको सिन्डीले भनिन्। आफ्नो जीवनको गहिरो अर्थ उनले खोज्दै थिइन् र उनले परमेश्वरको बारेमा जान्न चाहेकी थिइन्।

केही समयपछि, नियाङ्गले आफ्नै शारीरिक भोक आफ्ना साथीहरूसँग मेटाइन्। आफूहरूले बेचेको पुस्तकहरूमा भएको सत्यले सिन्डीको आत्मिक भोक तृप्त होस् भनेर उनले प्रार्थना गरिन्।